# ऐसेलुखर्क गाउँपालिका

वार्षिक नीति तथा कार्यक्रम

आ.व. २०७८/०७९

प्रस्तुतकर्ता
बिश्वनाथ निरौला
गाउँपालिका अध्यक्ष

ऐसेलुखर्क गाउँपालिका

# ऐसेलुखर्क गाउँपालिकाको नीति तथा कार्यक्रम

# २०७८/०७९

ऐसेलुखर्क गाउँपालिकाको आ.व. ०७८/०७९ को वार्षिक नीति तथा कार्यक्रम सार्वजनिकरण समारोहमा उपस्थित हुनुभएका गाउँ सभाका उपाध्यक्ष ज्यू, गाउँ सभाका सम्पूर्ण सदस्य ज्यूहरु,हिमाल एफ एमबाट देशभर अनलाइन मार्फत विदेशमा सुनिरहनु भएका सम्पूर्ण आमा बुबा दाजु भाइ तथा दिदी बहिनीहरु, ऐसेलुखर्क गाउँपालिकाका सम्पूर्ण कर्मचारी,बुद्धिजिबी महानुभावहरु,सञ्चारकर्मी तथा सुरक्षाकर्मी मित्रहरु तथा आम ऐसेलुखर्कगाउँपालिकाबासी दाजुभाइ तथा दिदीबहिनीहरु

मुलूकको राजनीतिक तथा प्रशासनिक संरचना परिवर्तन पश्चातको यो घडीमा उभिएर संविधानले परिकल्पना गरेको दिगो शान्ति एवं हामी सबैले अपेक्षा गरेको समृद्ध नेपाल सुखी नेपालीको लक्ष्यलाई आत्मसाथ गरी ऐसेलुखर्क गाउँपालिकाको विकास र समृद्धिको लागिविद्यमान विषम परिस्थिति वीच वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न यहाँहरु माझ उभिएको छु ।

यस गौरवान्वित अवसरमा म नेपालको राजनीतिक परिवर्तनमा योगदान गर्नुहुने सम्पूर्ण राजनेताहरु,वलिदानगर्नुहुने शहीदहरु तथा सहयात्रामा हिड्नुहुने सबै पेशाकर्मी, नागरिक समाज,बुद्धिजिबी, तथा आम नेपाली दाजुभाइ तथा दिदीबहिनीहरुमा विषेश सम्मानसाथ स्मरण गर्न चाहन्छु ।

यतिबेला पुरै विश्व जगत नयाँ भेरियन्ट सहितको कोभिड-१९ (दोस्रो लहर) को महामारीबाट आक्रान्त भइरहेको छ । कोभिड-१९ को महामारीबाट सङ्क्रमित भई जीवन गुमाउनु हुने सम्पूर्ण नेपाली नागरिकहरु प्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै शोकाकुल परिवारजन प्रति गहिरो समबेदना व्यक्त गर्दछु । साथै उपचाररत सम्पूर्ण संक्रमित नागरिकहरुको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु ।
यस विषम परिस्थितीमा दिनरात खटिरहनु भएका सम्पूर्ण स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, एम्बुलेन्स चालक तथा व्यवस्थापकीय कार्यमा खटिरहनु भएका कर्मचारी, कोभिड-१९ विरुद्धको अभियानमा सहकार्य र सहयोग गर्नुहुने निजी क्षेत्र, संघ संस्था, सञ्चार जगतलगायत सम्पूर्ण गाउँपालिकाबासी नागरिकहरुप्रति हार्दिक आभार व्यक्त गर्दछु ।
मुलूकमा अहिले राजनीतिक संक्रमणको अन्त्य भएको छ । मुलूक अहिले आर्थिक विकासको बाटोमा अघि बढिरहेको छ । संघीय शासन प्रणालीले देशभर विकासमा प्रतिस्पर्धा बढेको छ र विभिन्न तहका सरकारहरुबीच प्रतिस्पर्धात्मक विकासको अवधारणा विकसित हुदै आएको छ ।

स्थानीय तहको निर्वाचन पश्चात गठन भएको जनप्रतिनिधिमूलक यस गरीमामय सभामा यस गाउँपालिकाको नीति तथा कार्यक्रम लिएर उपस्थित भएको छु । विगत बर्षहरुमा हामीले लिएका नीति तथा कार्यक्रमले यस गाउँपालिकाको विकासको गति मापनयोग्य र अनुमानयोग्य तवरबाट अगाडि

बढेको मेरो विश्वास रहेको छ । अघिल्ला वर्षमा हामीले लिएका नीति तथा कार्यक्रमहरु करिब करिब पुरा भएका छन् । धिमा गतिमा रहेको गाउँपालिकाको विकासलाई पछिल्ला ४ वर्षको वार्षिक नीति तथा कार्यक्रम एवं बजेटले जनतामा  आशाको किरण छाएको हाम्रो विश्वास रहेको छ । यस अवधिमा गाउँपालिकाबासीहरु आधारभूत विकासका पूर्वाधारहरुबाट लाभान्वित हुन सकेका छन । सबै वडाहरु सडक सञ्जालले जोडिएका छन । खानेपानी,सिंचाइ सुविधा कृषितथा पशु सेवा सम्बन्धित सुबिधा, शैक्षिक क्रियाकलापहरुको बढोत्तरी,सूचना प्रविधिको पौंच, पर्यटन पूर्वाधारको विकास, बजारीकरण जस्ता क्षेत्रमा उल्लेख्य सुधार भएको छ ।

नीति गत स्पष्टता, कार्य जिम्मेवारीको बोध,कर्मचारी संयन्त्रको सुदृढीकरण,जनशक्ति व्यवस्थापन, एवं पूर्वाधार क्षेत्रको विकासले  हामीले अधिकारको प्रयोग बढेको छ भने अधिकारले दिएको सेवाको जिम्मेवारी प्रभावकारी रुपमा वहन गर्न टेवा पुगेको छ ।

हामीले तय गरेका विकासका प्रथमिकताहरु पूरा हुदै गएका छन् । यद्यपि आगामी दिनमा हामीले लिने विकासका नीति एवं कार्यक्रमलाई दिगो र परिणाममुखी बनाउदै लैजानु उत्तिकै चुनौतीपूर्ण समेत रहेको छ ।

राजनैतिक संक्रमण अन्त्य भएता पनि कर्मचारी तन्त्रको संक्रमणकाल विद्यमान रहेकाले हाम्रा विगतका कार्यक्रम पूर्ण रुपमा कार्यान्वयन हुन नसकेता पनि अधिकतम रुपमा कार्यान्वयन गर्ने स्थितिमा रहेको छ । यसका लागि उपलब्ध कर्मचारी साथीहरु,सक्रिय जनप्रतिनिधिहरु,राजनीतिक पक्षहरु,नागरिक समाज, पेशाकर्मी ,बुद्धिजिबी, एवं आम ऐसेलुखर्कबासीहरुमा आभार प्रकट गर्दछु ।

**गाउँसभा सदस्य ज्यूहरु,**

अव म आर्थिक वर्ष २०७८।७९ को यस ऐसेलुखर्क गाउँपालिकाको वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

- नेपालको सविधान, स्थानीय सरकार सञ्चालन ऐन, संघीय एवं प्रदेश सरकारको नीति तथा कार्यक्रम, संघीय एवं प्रदेश सरकारको आवधिक योजना, नेपाल सरकारले राष्टिय /अन्तराष्टिय जगतमा प्रतिवद्दता जनाएका बिषयहरु,दिगो विकासको लक्ष्य, एवं आम ऐसेलुखर्कबासी आमावुवा, दाजुभाई तथा दिदीबहिनीहरुले ब्यक्त गर्नु भएका विकासका चाहना र आकाङ्क्षाहरु नै यस नीति तथा कार्यक्रमका मार्गनिर्देशनहरु हुन् ।

- आम ऐसेलुखर्कगाउँपालिकाबासीको बास्तविक आवश्यकतालाई सम्बोधन गर्न छिटो छरितो र प्रतिफल युक्त विकासलाई प्रवर्द्धन गर्न र न्यून स्रोतबाट अधिकतम क्षेत्र समेट्नु यस नीति तथा कार्यक्रमको मूख्य ध्येय रहेकोछ ।

- कार्यन्वयन गर्न नसकिने प्रकृतिका विकासका योजना पेश गरी तपाई आम नागरिकमा भ्रम फैलाउनु र नीति तथा कार्यक्रमलाई विकासको मोटो कागजी दस्तावेज बनाउनु भन्दा कार्यन्वयन योग्य संक्षिप्त योजना र कार्यक्रमको गोजी पात्रो बनाउनु मेरो मूख्य लक्ष्य हो ।

**आगामी आ.व. २०७८।७९ मा देहाय बमोजिमका नीति तथा कार्यक्रम संञ्चालन गरिने छ ।**

## आर्थिक विकास र समृद्धि

- आर्थिक विकास र समृद्धि गाउँपालिकाको मूख्य उद्देश्य रहेकाले गाउँपालिका भित्रका सम्पूर्ण योजना तथा कार्यक्रमलाई सोही दिशामा अघि बढाईनेछ ।
- प्रधानमन्त्री रोजगार कार्यक्रमलाई प्रभावकारी बनाउन गाउँपालिकाबाट समेत थप बजेट विनियोजन गरी स्थानीय पूर्वाधार विकाससगैं रोजगारीका माध्यबाट आय आर्जनमा वृद्धि गराईनेछ ।
- गाउँपालिकाको समग्र विकासको लक्ष्य प्राप्तिको योजना तर्जुमाका लागि आवधिक योजना निर्माण गरिनेछ र सोही बमोजिम आर्थिक एवं अन्य क्रियाकलाप संञ्चालन गरिनेछ ।
- दीर्घकालमा गाउँपालिकाको आम्दानी अभिवृद्धि हुने खालका कार्यक्रम समावेश गर्ने।

## कृषि तथा पशुपंक्षी विकास

- हालको निर्वाहमूखी कृषि प्रणालीलाई व्यवसायीकरण गरि कृषि तथा पशु जन्य उत्पादनको बृद्दि गरि बस्तुको आयातलाई घटाई निर्यात बढाईने छ र समग्र पालिकाको आर्थिक बृद्दि गरिनेछ ।
- **अर्गानिक खेति** प्रणालीलाई प्रोत्साहित गरी अर्गानिक प्रमाणिकरणको लागि गैर सरकारी संस्थाको समन्वयमा समूह,वडा, फर्मलाईअर्गानिक प्रमाणिकरणका क्रियाकलाप सञ्चालन गरी विषधिको प्रयागलाई घटाईनेछ ।
- "ऐसेलुखर्कको सान, उद्यमशील किसान " नामक कार्यक्रम अन्तर्गत गाउँपालिकाका सबै वडाका टोलमा स्थानीय हावापानी र भूगोल सुहाउँदो कृषकको मागमा आधारित कृषिजन्य उत्पादन अभिवृद्धि हुने किसिमका कार्यक्रम सञ्चालनमा जोड दिइने छ ।
- एक वडा एक पशु तथा कृषि प्राविधिक सेवाको व्यवस्था गरी कृषकहरुलाई घर दैलोमा आवश्यक प्राविधिक सेवा पुऱ्याइने छ ।
- “अध्यक्ष कृषि आधुनिकीकरण कार्यक्रम” मार्फत ८० प्रतिशत अनुदानमा कृषि औजार तथा यत्र वितरणको व्यवस्था मिलाईने छ ।
- फलफुल उत्पादनमा प्रवर्द्धन गरिने छ । विशेष गरी किवी, कागती, सुन्तला, आँप तथा लिचिजस्ता फलफुल उत्पादनको पकेट क्षेत्रलाई कार्यान्वयनमा ल्याईने छ ।

- खाद्यान्न बाली (धान, गहुँ, मकै, कोदो, आलु आदी) को प्रवर्द्धन गरी पालिका क्षेत्रको खाद्य सुरक्षा सुनुश्चित गरिनेछ।
- भूमीमा कम पहुच भएका कृषकहरुलाई मौरी पालन तथा च्याउ खेतिमा संलग्न गराई आय आर्जन गर्न प्रोत्साहितगरिने छ।
- पशुपक्षीको लागि परजिबी नियन्त्रण कार्यक्रमलाई प्रभावकारी बनाईने छ।
- "गाउँमै रोजगार, गर्वको आधार" नामक कार्यक्रम सुरुवात गरिने छ।
- भौगोलिक हिसावले कृषि तथा पशुपंक्षीको पकेट क्षेत्र निर्धारण गरी उक्त पकेट क्षेत्र प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ।
- रैथाने जातका बाली र पशुपंक्षी को संरक्षण तथा प्रवर्द्धन का लागि कार्यक्रम सञ्चालन गरिनेछ ।
- सुक्खा क्षेत्रको पहिचान गरी कमश तेस्ता क्षेत्रहरुमा लिफ्टीङ प्रविधिबाट सिंचाईको ब्यबस्था मिलाउन संघ तथा प्रदेश सरकारसँग समन्वय गरिने छ ।
- बेरोजगार युवा जनशक्तिलाई कृषि तथा पशुपालन ब्यवसायमा संलग्न गराई आत्मानिर्भर बनाउन युवा लक्षित कृषि कार्यक्रम ल्याईने छ।
- लोपोन्मुख हुँदै गएको पशु (चौरी,भेडा) पालनलाई प्रोत्साहन गरिने छ।
- कृषि तथा पशु बीमाको लागि प्रोत्साहित गरिने छ।
- दुधतथा दुग्ध पदार्थ उत्पादनमा प्रोत्साहन गरिने छ ।
- गाउँपालिका स्तरीय कृषि उपज संकलन केन्द्र स्थापनागरिने छ।
- कृषि कार्यक्रम संघ, प्रदेश र स्थानीय तहमा दोहोरो नपर्ने गरी अनुदान तथा अन्य कार्यक्रम संञ्चालन गरिने छ।
- परम्परागत कृषि औजार सामाग्रीहरुको प्रवर्द्धन गरिने छ।

## स्वास्थ्य तथा कोभिड-१९ संक्रमण रोकथाम तथा नियन्त्रण

- ऐसेलुखर्क गाउँपालिका अन्तर्गत रहेका स्वास्थ्य संस्थाहरुबाट प्रदान गरिने आधारभुत स्वास्थ्य सेवालाई अझ गुणस्तरिय र सेवामुखी वनाउनुको साथै स्वास्थ्य क्षेत्रमा नितिगत, संरचनागत एवं प्रणालीगत सुधार गर्दै लगिने छ ।
- आधारभूत सेवालाई थप प्रभावकारी वनाउन तथा स्वास्थ्य संस्थाको रिपोर्टीङ सेवालाई प्रविधीमैत्री बनाउने व्यवस्था मिलाईने।

- प्राथमिक स्वास्थ्य केन्द्र ऐसेलुखर्कवाट प्रदान गरिने सबै किसिमका स्वास्थ्य सेवाहरु गाउँपालिका क्षेत्रभित्र बसोबास गर्ने सम्पूर्ण नागरिकहरुलाई निशुल्क स्वास्थ्य परीक्षणको व्यवस्था मिलाईने छ ।
  - विश्वव्यापी महामारीको रुपमा फैलिरहेको कोभिड १९ को संक्रमण गाउँपालिका क्षेत्रभित्र रोकथाम तथा नियन्त्रणका लागि उपयुक्त कार्यक्रम समावेश गर्ने।
- माहामारी रोकथाम तथा नियन्त्रणका लागि सहयोगी संघ संस्थाहरुसँग समन्वय र सहकार्य गर्ने व्यवस्था गरिनेछ ।
- निशुल्क औषधि तथा औषधिजन्य सामाग्रीको आपुर्तीलाई थप व्यवस्थित बनाउदै लगिने छ ।
- संघीय सरकारसँगको समन्वय र सहकार्यमा १५ शैयाको अस्पताल निर्माण कार्यलाई अगाडि बढाईने छ ।
- गाउँपालिका क्षेत्रभित्र सञ्चालित गाउँघर क्लिनिक तथा खोप केन्द्रलाई व्यवस्थित गर्दै लगिने छ।
- महिला स्वास्थ्य स्वयम सेविकाहरुलाई दिइदै आएको प्रोत्साहन रकमलाई निरन्तरता दिइने छ ।
- सुरक्षित मातृत्व सेवा अन्तर्गत रहेको संस्थागत डेलिभरीहरुका लागि ऐसेलुखर्क गाउँपालिका भित्र निःशुल्क एम्वुलेन्स सेवालाई निरन्तरता दिइने छ ।
- नेपाल सरकारले लिएको लक्ष्य पुरा गर्न स्वास्थ्य विमा कार्यक्रमको सेवा प्रवाहलाई थप प्रभावकरी वनाई गरिव तथा विपन्न नागरिकहरुलाई निःशुल्क स्वास्थ्य विमाको प्रबन्ध मिलाईने छ ।
- आँखा तथा दन्त सेवा प्रवाहको लागि आवश्यक व्यवस्था मिलाईने छ ।
- घुम्ती स्वास्थ्य सेवा सिबिर संचालनमा ल्याईने छ ।

# शिक्षा यूवा तथा खेलकुद शाखा

- कोभिड-१९कोदोस्रोलहरकोकारणलेशिक्षणसिकाईमापर्नगएकोक्षतिलाईकमगर्न ऐसेलुखर्क गाउँपालिका लगायत अन्य गैरसरकारी संघ संस्थाको समन्वयमास्वध्ययनसामाग्रीकोविकासतथाछपाईगरीनिशुल्कवितरणगर्नेव्यवस्थामिलाइनेछ ।

- कोभिड-१९कोदोस्रोलहरकोकारणले नियमित विद्यालय संचालन गर्न नसकिएको अवस्थामा  ऐसेलुखर्क गा.पा. र अन्य गैर सरकारी संघ संस्थासंगको साझेदारीमा वैकल्पिक सिकाईको व्यवस्था गरिने छ ।
- गाउँपालिका क्षेत्रभित्र सञ्चालित सम्पूर्ण सामुदायिक बिद्यालयहरुमा ईन्टरनेट सेवा जडान कार्य सम्पन्न गरिने छ ।
- सार्वजनिकविद्यालयलाईगुणस्तरीयसिकाईकेन्द्रकोरुपमाविकासगर्नसार्वजनिकविद्यालयहरुकोपूर्वाधारविकासमाजोडदिइनेछ।
- शिक्षकहरुको सीप तथा क्षमता विकासका लागि व्यवहारिक शिक्षण सिकाई **शिक्षक तालिम** कार्यक्रमलाईनिरन्तरतादिइनेछ।
- विद्यालयहरुकोनक्साङ्कनगरीभूगोलरन्यूनतमविधार्थीसंख्याकोआधारमासमायोजनगर्दैशैक्षिकसत्र२०७९भित्रशिक्षकहरुकोदरवन्दीमिलानकार्यसम्पन्नगरिनेछ ।
- संघीय सरकारसँगको समन्वयमा प्राविधिक धारको माध्यामिक विद्यालय संचालनगर्न आवश्यक पहल गरिने छ ।
- गाउँपालिकाभित्र सनातक तहसम्मको क्याम्पस सञ्चालन गर्न सम्भाव्यता अध्ययन कार्यलाई निरन्तरता दिईने छ ।
- आधारभूततहमास्थानीयपाठ्यक्रमनिर्माणगरीशैक्षिकसत्र२०७९देखिकार्यान्वयनगराइनेछ।
- शैक्षिक प्रदर्शनी, पढाई मेला, अतिरिक्त क्रियाकलाप संचालन गरी विद्यार्थीहरुको समग्र वैयक्तिक विकास गर्ने प्रकृतिका शैक्षिक कार्यक्रम संचालन गरिनेछ ।
- शिक्षकसिकाई अनुदानलाई समयानुकुलवृद्धिगरीनिरन्तरतादिईनेछ।
- स्वीकृत दरबन्दीभित्रका प्रारम्भिक केन्द्रका बाल शिक्षक, विद्यालय सहायक सहयोगी कर्मचारी र सिकाई केन्द्रका सहजकर्ता कर्मचारीलाई नेपाल सरकारले निर्धारण गरेको न्यूनतम मासिक पारिश्रमिकमा अपूग हुन आउने रकम गाउँपालिकाको कोषबाट उपलब्ध गराईने व्यवस्था मिलाईने छ।
- प्रत्येक वर्षको एस.ई.ई. परीक्षामा गाउँपालिका क्षेत्रभित्र सर्वोत्कृष्ट नतिजा ल्याउने एक-एक जना छात्र र छात्रालाई नगद रकम सहित पुरस्कार वितरण गर्ने व्यवस्था गरिने छ ।
- माध्यमिक विद्यालयहरुमा दैनिक प्रशासन सञ्चालन गर्न दिँइदै आएको थप मसलन्द कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- योजनाबद्द शिक्षण सिकाईमा जोड दईने छ ।
- महिला शिक्षक प्रसुती विदामा बसेको रिक्त स्थानमा जगेडा शिक्षक कोषलाई निरन्तरता दिईने छ ।
- कक्षा३,५र८कोवार्षिकपरीक्षालाईथपव्यवस्थितरमर्यादितबनाउँदैलगिने छ।

ऐसेलुखर्क गाउँपालिका

- सामुदायिकसिकाईकेन्द्रलाई विद्यालयमा समायोजन गर्ने व्यवस्था मिलाईने छ ।
- गाउँपालिका क्षेत्रभित्रका छात्रा विद्यार्थीहरुको प्राविधिक शिक्षामा पहुँच अभिवृद्दी गर्न उपाध्यक्ष छात्रवृद्दि कार्यक्रम सञ्चालनमा ल्याईने छ ।
- सामुदायिक विद्यालयमा अध्ययन गरी डाक्टर, ईन्जिनियर शिक्षा अध्ययन गर्ने विद्यार्थीहरुका लागि प्रोत्साहन छात्रवृद्दि कार्यक्रमलाई निरन्तरता दिईने छ ।

## पूर्वाधार विकास

- दिगो पूर्वाधार विकास नीति प्रर्वद्धन गरिनेछ ।
- गाउँपालिकाको केन्द्रसँग जोडिने सबै मुल सडकहरु, वडा केन्द्र जोडिने सडकहरुको स्तरोन्नति गरिनेछ । साथै उल्लेखित मुल सडकहरु विस्तृत परियोजना प्रतिवेदन DPR तयार गरिनेछ ।
- सडक पूर्वाधार निर्माणमा विनियोजित कुल बजेटको कम्तिमा ३०% रकम संरचना निर्माणमा खर्च गर्ने व्यवस्था मिलाईनेछ ।
- निर्माणाधिन ऐसेलुखर्क गाउँपालिकाको प्रमुख प्रशासकीय भवन तथा सभा भवन निर्माण सम्पन्न गरी द्धवार एक, सेवा अनेक ( One door, Service More ) को अवधारणामा अडियो-भिजुअल सहितको नागरिक वडापत्र लगायतका सेवाग्राहीमैत्री कक्षको व्यवस्था मिलाईने छ ।
- संघ र प्रदेशबाट प्राप्त सममूरक कोष रकमलाई गाउँपालिकाबाट थप गरी परिचालन गरिने छ ।
- पूर्वाधार विकास तर्फ रु . ३ लाखभन्दा माथिका आयोजना मात्र सञ्चालनमा ल्याउने गरी कार्यक्रम तर्जुमा गरिने छ ।
- ऐसेलुखर्क बजार क्षेत्रलाई खानेपानी, ढलनिकास तथा फोहोर मैला व्यवस्थापनमा सुदृढ गर्दै लगिने छ ।
- केन्द्रीय विद्युत प्रसारण लाईनको पहुँच नपुगेका ऐसेलुखर्कका बाँकी क्षेत्रहरुमा केन्द्रीय विद्युत प्रसारण लाईन विस्तारगर्न आवश्यक पहल गरिनेछ ।
- खानेपानीको मुहान संरक्षणका कार्यक्रम संचालन गरिनेछ, मुहान आसपासमा सडक निर्माण कार्य बन्द गरिनेछ ।
- उपभोक्ता समिति मार्फत संचालित योजनाहरुको कार्यन्वयनलाई सैद्धान्तिक बनाईनेछ । योजनाको अनुगमनलाई कडाई गरिनेछ ।विगत र चालु आ.व. मा संचालित र सम्पन्न योजनाको वर्तमान अवस्था आकलन गरी उपभोक्ता समितिलाई उक्त योजनाको संरक्षण र सर्म्बद्धनमा जिम्मेवार बनाईनेछ । एकै योजनामा पटक पटक बजेट माग गर्ने प्रवृति निरुत्साहित गरिनेछ ।

- गाउँपालिका क्षेत्रभित्र हेभी मेसिनहरुको प्रयोगलाई नियमनगरी करको दायरामा ल्याईनेछ । उपभोक्ता समितिद्धारा प्रतिस्पर्धाका आधारमा मात्रै हेभि मेसिन प्रयोग गर्नुपर्ने व्यवस्था गरिनेछ ।
- टेलिफोनको सुविधाबाट वञ्चित वडाका टोलबस्तिहरुमा सेवा सुचारु गर्न र सेवाको गुणस्तर अभिवृद्धिका लागि सम्बन्धित निकायसँग पहल गरिनेछ ।
- ऐसेलुखर्क गाउँपालिकाभित्रका सबै वडा कार्यालयहरु आगामी चैत्र मसान्तभित्र निर्माण सम्पन्न गर्ने व्यवस्था गरिने छ ।
- आ.व. २०७८/०७९ मा सडक, विद्यालय भवन र स्वास्थ्य संस्थाको भवन निर्माणमा उपभोक्ता श्रमदान साझेदारीको व्यवस्था खारेजी गरी अन्य योजनाको लागि यथावत राखिने छ ।

## पर्यटन क्षेत्र

- गाउँपालिका क्षेत्रभित्रका धार्मिक, सास्कृतिक, ऐतिहासिक सम्पदाको संरक्षण र प्रर्वद्धन नियमित गरिनेछ ।
- "एक वडा एक नमूना पर्यटकीय गन्तव्य" निर्माणमा जोड दिईनेछ ।
- बहानेपोखरी, देउराली, माकिपा क्षेत्र, फापरस्वाँरा, किराँत सग्राहलय, मुलधारा ऐसेलुखर्क, जलेश्वरीको दखमालु, जलेश्वर महादेव स्थान, ज्यामिरेको सुनमति देवी मन्दिर लगायतको क्षेत्रको संरक्षण गरिने छ ।

## कला, धर्म र सस्कृति

- सबै जातजाति कला भाषा, धर्म, सस्कृति एवं समुदायको रीतिथिति, रहनसहनलाई सम्मान गर्दै प्रोत्साहन गरिनेछ ।

## महिला, वालवालिका, अपाङ्गता, ज्येष्ठ नागरिक

- विकासमा महिला सहभागिता सुनिश्चत गरिनेछ ।
- ग वर्गको अपाङ्ग कार्ड प्राप्त ब्यक्तिहरुलाई दिईदै आएको भत्ता रकमलाई निरन्तरता दिईनेछ ।
- आर्थिक, सामाजिक, राजनैतिक रुपले पिछडिएका महिलाहरुको उत्थान, सशक्तिकरण एवं मुल प्रभाहिकरणका लागि क्षमतामूलक, सीपमूलक कार्यक्रम संचालन गरिनेछ ।
- महिला तथा वालवालिका सम्बन्धी दिवसीय कार्यक्रमलाई निरन्तरता दिईनेछ।
- सुत्केरी भेटघाट कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

- महिला तथा वालवालिका सम्बन्धि गरिने वडा स्तरीय कार्यक्रमहरु वडा बाट नै बजेट विनियोजन गरि वडा बाट नै संचहालन गरिने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- **ज्येष्ठ नागरिक सम्मान**कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- बालबालिकाहरुको सर्वाङगीण विकासका लागि विद्यालयसँग सहकार्य गरी कार्यक्रम संचालन गरिनेछ ।

एसेलुखर्क गाँउपालिका

# युवा तथा खेलकुद

- कोभिड-१९कोरोकथाम तथा नियन्त्रण ,
  विपतव्यवस्थापनरमानवियसेवामाप्रत्येकवडामागठनभएकोनमुनायुवाक्लबमार्फतव्यापकयुवापरिचालनगरिनेछ।
- युवालाईव्यवसायिकतथाउद्धमशिलतातालिमनवप्रवर्तनपुंजीरप्रविधिमापहुँचतथासहजव्यवसायिकवातावरणउपलब्धगराईउद्धमीबनाइनेछ।साथैयुवालाईप्राविधिकतथाव्यवसायिकशिक्षारतालिमउपलब्धगराईउद्धमशिलताकोविकासगरिनेछ।
- वेरोजगारीयूवालाईलक्षितगर्दैलामोतथाछोटोव्यवसायिकसीपतालीमव्यवस्थागरिनेछ

- खेलकुदका माध्यमबाट युवा शक्तिलाई एकीकृत गर्न र विकासमा परिचालन गर्न खेलकुद क्षेत्रमा विशेष जोड दिईनेछ ।
- विद्यालय स्तरमा सञ्चालन हुने राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता व्यवस्थित रुपमा सम्पन्न गरिनेछ ।
- अधिकार सम्पन्न ऐसेलुखर्क गाउँपालिका खेलकुद समिति गठन गरी सोही समिति मार्फत समग्र खेलकुदको क्रियाकलाप अगाडी बढाईनेछ ।
- उद्यमशील बन्न चाहने युवाहरुलाई मागमा आधारित तालिम संचालन गरिनेछ ।

# वनवातावरण तथा विपत व्यवस्थापन

- **हरियो वन ऐसेलुखर्कको धन** भन्ने मुल नाराको साथ संघीय सरकार,प्रदेश सरकारतथा अन्य संघसंस्थासँगको समन्वयमा गाउँपालिका क्षेत्रका वनको संरक्षण व्यवस्था गरिनेछ ।
- वातावरण संरक्षणका लागि हरित अर्थतन्त्र क्रियाकलापलाई जोड दिईनेछ ।
- विपत जोखिम न्यूनिकरण एवं राहत पुनर्स्थापनाका लागि विपद व्यवस्थापन कोष मार्फत कार्यक्रम संचालन गरिनेछ ।
- पहिरो, भुक्षय एवं अन्य प्राकृतिक तथा मानव सिर्जित विपदको व्यवस्थापनका लागि सचेतना कार्यक्रम वडा स्तरमा संचालन गरिनेछ ।

# न्यायिक समिति

- ऐसेलुखर्क गाउँपालिकाभित्र विधिको शासन बमोजिम न्यायिक समिति मार्फत न्याय प्रदान गरिने छ ।
- न्याय प्रदान गर्ने सन्दर्भमा सातै वडामा रहेको मेलमिलाप केन्द्रलाई व्यवस्थित गरिने छ ।
- सबै मेलमिलाप केन्द्रका मेलमिलापकर्ताहरुलाई समयानुकुल पुनर्ताजकी तालिम गरिने छ ।

ऐसेलुखर्क गाउँपालिका

- न्यायिक समितिलाई चुस्त दुरुस्त राख्न आवश्यक जनशक्ति स्रोतसाधन सम्पन्न कार्यालयको व्यबस्था गरिने छ ।
- न्यायिक समितिको संस्थागत क्षमता अभिवृद्धि हुने किसिमका कार्यक्रम तर्जुमा गरिने छ।

## संघ संस्था तथा व्यवसाय

- व्यवसाय दर्ता कार्यविधि २०७४ अनुसार ऐसेलुखर्क गाउँपालिका अन्तर्गत सात वटै वडाहरुमा दर्ता भई सञ्चालमा आएका संघसंस्था ताथा व्यवसायहरुको नविकरण, अनुगमण, निरीक्षण गरी नियमणको दायरामा ल्याईने छ ।
  उद्योग, वाणिज्य र सहकारी
- गाउँपालिकाभित्र दर्ता भई सञ्चालनमा रहेका सबै किसिमका सहकारी संस्था र यसमा आवद्ध पदाधिकारीहरुको क्षमता अभिवृद्धि हुने कार्यक्रम तथा क्रियाकलाप सञ्चालनमा ल्याइने छ ।
- गाउँपालिका स्तरीय उद्योग वाणिज्य संघको स्थापना गर्न स्थानीय उद्योगी व्यवसायीहरुलाई अभिप्रेरित गरिनेछ । उक्त संघको संस्थागत क्षमता वृद्धि गर्दै संघमा आवद्ध सम्पूर्ण सदस्यहरुलाई व्यवसायिक आचरणसम्बन्धी आवश्यक तालिम कार्यक्रमको आयोजना गरिने छ ।

## संस्थागत विकास, सेवाप्रवाह र सुशासन

- सार्वजनिकप्रशासन सेवाप्रवाह र सुशासनलाई चुस्त दुरुस्त बनाउन समय सापेक्ष प्रविधिमैत्रीबनाउदै सेवाप्रवाहलाई जनअपेक्षाअनुरुप छिटो, छरितो, सुलभ, सरल उच्च गुणस्तरीय साथै प्रभावकारी ढंगले सञ्चालनगरिनेछ ।
- नमुना योग्य र अनुकरणीय विकास प्रणाली अवलम्बनगर्न अन्य स्थानीयतहको अध्ययन भ्रमण गरी गाउँपालिकाको विकास र समृद्धिकालागिआवश्यक पृष्ठपोषण लिईनेछ ।
- उपभोक्ताहित संरक्षणका लागिआगामीआ.व.देखि बजार अनुगमनलाई नियमितगरिने छ ।
- गाउँपालिका क्षेत्रभित्र शान्तिसुरक्षाको स्थितिलाई गम्भीर रुपमालिँदै नागरिक सुरक्षा र शान्तिकायमगर्न कुनैकसर बाँकी राखिने छैन ।गाउँसभातथागाँउकार्यपालिकाको निर्णयानुसार विनियोजित योजनातथाकार्यक्रमको कार्यान्वयनमाबाधाव्यवधान उत्पन्न गर्ने, गराउनखोज्ने व्यक्ति, परिवार वा समुदायलाई कारवाहीगरिनेछ र सोको क्षतिपुर्ति समेत निजबाट शोधभर्ना लिईनेछ ।
- सेवाप्रवाहमा सुशासन कायमगर्न, भ्रष्टाचार र अनियमितता बिरुद्ध शून्य सहनशीलता अबलम्बन गर्दै कर्मचारीको मनोबल बढाउन आवश्यक व्यवस्था गरिनेछ । कर्मचारीको क्षमता अभिबृद्विका लागि समयसापेक्ष आवश्यक तालिमको व्यवस्था एवं अन्य कार्यक्रमहरुको सञ्चालन गरिनेछ ।
- सहभागितामुलक योजनाअवलम्बनगर्दै यस गाउँपालिकाको विकासमाविकासका सबै साझेदारहरुलाई स्वागत गरी विकासलाई साझेदारीमा अगाढि बढाईने नीतिअख्तियार गरिनेछ ।

- आगामीआ.व.को सुरुवातमा नै आगामीबर्ष सञ्चालनगरिने योजनाकार्यान्वयनका सम्बन्धमाप्रत्येक वडामा उपभोक्ता समितिएवं सबैको सहभागितामाअभिमुखिकरणकार्यक्रम सञ्चालनगरिनेछ । उत्कृष्ट कामगर्ने उपभोक्ता समितिलाई सम्मानको व्यवस्थागरिनेछ । निर्धारित समयभित्रकाम सम्पन्ननगर्ने उपभोक्ता समितिवानिर्माण कम्पनीवाअन्य संस्थालाई कारवाहीगरिनेछ ।
- आन्तरिक आयप्रर्वदनकालागिनिर्मित कानुन र कार्यविधिको प्रभावकारी कार्यान्वयनगरिनेछ ।
- गाउँकार्यपालिकाको समग्र विकासकालागि सहायता जुटाउन संघीय र प्रदेश सरकार, दातृ निकाय, कुटनीतिक नियोग, समाजसेवी, साझेदार संस्था सबैसंग निरन्तर सहकार्य गरिनेछ ।
- विकास योजनालाई सहभागितामुलकबनाउन र लागतकम गरी उच्चतमविकास हासिलगर्न समपूरक कोषमार्फतविभिन्न योजनाहरु सञ्चालनमाल्याइनेछ ।
- अनुगमनतथामुल्याङ्कनकार्यलाई नियमित, व्यवहारिक, वास्तविक, नतिजामुखि र मापनयोग्यबनाईनेछ ।
- कार्यलयको काम अह्राएरमात्र होईन मन पराएर जिम्मेवारी पूर्वक गर्ने संस्कार बसाउन गाउँकार्यपालिकाको कार्यालय, सबै वडा कार्यालय, सामुदायिक विद्यालय र स्वास्थ्य संस्थाहरुमध्येबाट एक आर्थिक वर्षभरीमा उत्कृष्ठ र रचनात्मक कार्यसम्पादन गर्ने एक जना सर्वोत्कृष्ट, तीन जना उत्कृष्ट कर्मचारी, शिक्षक सम्मान गर्ने परीपाटीको व्यवस्था गरिने छ ।
- गाउँपालिका क्षेत्रभित्रका विकास निर्माण तथा सेवा प्रवाहको विषयलाई समेटेर अर्धवार्षिक रुपमा सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण र सार्वजनिक परीक्षण गर्ने व्यवस्था मिलाईने छ ।
- वित्तीय सुशासन कायम गर्न महालेखा परीक्षकको कार्यालयबाट भएको आर्थिक वर्ष २०७६/०७७ सालको लेखापरीक्षण प्रतिवेदनले औल्याएको नियमित गर्नु पर्ने, अशुलउपर गर्नुपर्ने, प्रमाण कागजात पेश गर्नु पर्ने लगायतका बेरुजु फर्छ्यौट गर्न सम्बद्द पक्षलाई सूचित गरिने र तोकिएको समयावधिमा बेरुजु फर्छ्यौट नगर्नेको विवरण सार्वजनिक गर्ने व्यवस्था मिलाईने छ ।
- गाउँपालिकाभित्र अतिरिक्त समय खट्ने स्थायी निजामती कर्मचारीलाई उच्च मनोवलका साथ काम गर्न प्रोत्साहन भत्ताको व्यवस्था गरिने छ ।
- अधिकृत स्तरका स्थायी निजामती कर्मचारीहरुलाई आवासको व्यवस्था मिलाईने छ ।

## अन्त्यमा,

गाउँकार्यपालिकाको समग्र विकास र समिद्धिकालागि यस नीतितथाकार्यक्रममा समेटिएका बिषयहरुको कार्यान्वयन महत्वपूर्ण हुन्छ । स्थानीयतहको ऐतिहासिक स्थानिय सरकारहामीप्रति आम ऐसेलुखर्क गाउँपालिकाबासीजनताको विकास र परिवर्तनको उत्कण्ठ इच्छालाई पूरा गर्नु हाम्रो निर्विकल्पजिम्मेवारी हो । यस जिम्मेवारीलाई पुरा गर्न हाम्रानीति, योजनातथाकार्यक्रमका लागि बजेट व्यवस्थापन गर्न संघिय सरकार,प्रदेश सरकार, अन्य साझेदार निकाय, राष्ट्रिय अन्तर्राष्ट्रिय संघसंस्थाहरुएवं सल्लाह सुझावदिनु हुने नागरिक समाज, राजनीतिकदलकामित्रहरु, पेशाकर्मी, बुद्विजीविएवं आम ऐसेलुखर्कगाउँपालिकाबासीमहानुभावहरुमाआभार प्रकट गर्दछु ।

सर्वपक्षिय सुझावलाई समेटिएर प्रस्तुतभएको यस नीतितथाकार्यक्रममाउल्लेखितप्रतिबद्वताहरु आगामी बजेटबाट सम्बोधनहुने विश्वास लिएको छु ।हाम्रै पालामा समृद्व ऐसेलुखर्कको यात्रा सम्भव छ भन्ने विश्वासका साथ यस नीतितथाकार्यक्रमलाई प्रभावकारी कार्यान्वयनकालागिआ-आफ्नो ठाउँबाट सकारात्मक सहयोगको अपेक्षा राख्दै बिदाहुन चाहान्छु । धन्यबाद्

ऐसेलुखर्क गाउँपालिका

ऐसेलुखर्क गाउँपालिका